जि.प्र.का. भक्तपुर, द.नं.: ५५२/२०६०

# नेपाल इन्जिनियरिङ कलेज

(पोखरा विश्वविद्यालयंबाट सम्बन्धन प्राप्त)
चाँगुनारायण न.पा.-४, भक्तपुर, पो.ब.नं. १०२१०, काठमाडौँ, नेपाल ।
फोन नं.: ९७७-१-५२२१००६, ५२२१००१
इमेल: info@nec.edu.np, वेभसाइट: www.nec.edu.np

## प्राचार्य नियुक्तिका लागि

## आन्तरिक सूचना

यस **नेपाल इन्जिनियरिङ कलेजमा रिक्त हुन गइरहेको प्राचार्य पदमा नियुक्तिका लागि** स्थायी, योग्य, अनुभवी तथा इच्छुक उम्मेदवारहरूबाट आवेदन आह्वान गरिन्छ।

**क) शैक्षिक योग्यता :**

- इन्जिनियरिङ विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा **स्नातकोत्तर उपाधि** प्राप्त गरी यस कलेजमा शिक्षण/अनुसन्धान/शैक्षिक व्यवस्थापन क्षेत्रमा कम्तीमा **१० वर्षको कार्य अनुभव** भएको हुनुपर्नेछ।
- प्राचार्य, सहायक प्राचार्य, कार्यक्रम संयोजक, विभागीय प्रमुख वा सो सरहको नेतृत्वदायी भूमिकामा कार्य गरेको अनुभव भएको साथै कम्तीमा **एक पूर्ण कार्यकाल** नेतृत्वदायी जिम्मेवारी निर्वाह गरेको अनुभव भएको हुनुपर्नेछ।
- कम्तीमा **Associate Professor पदमा रही कार्य गरेको हुनुपर्नेछ।**
- इन्जिनियरिङ विषय बाहेक अन्य विषयमा कम्तीमा **स्नातकोत्तर उपाधि प्राप्त गरेका उम्मेदवारहरूको हकमा १५ वर्षभन्दा** बढी अध्यापन अनुभव भएको हुनुपर्नेछ।

**ख) शैक्षिक संस्था सञ्चालन तथा व्यवस्थापन क्षमता :**

- शैक्षिक प्रशासन, मानवस्रोत व्यवस्थापन, संस्थागत गुणस्तर अभिवृद्धि तथा संस्थागत विकासमा प्रभावकारी नेतृत्व प्रदान गर्न सक्ने क्षमता भएको हुनुपर्नेछ।

**ग) नैतिक आचरण तथा अनुशासन :**

- उच्च नैतिक चरित्र, इमान्दारिता तथा व्यावसायिक आचरण भएको हुनुपर्नेछ।
- कुनै पनि प्रकारको कसुरमा अदालतबाट दोषी ठहर नभएको वा संस्थाप्रति गैरजिम्मेवार भई संस्थाको अहित हुने कार्य नगरेको हुनुपर्नेछ।

माथि उल्लेखित योग्यताका अतिरिक्त **प्राचार्य नियुक्ति सम्बन्धमा अन्तिम निर्णय कलेज सञ्चालक समितिमा निहित रहनेछ।**

इच्छुक उम्मेदवारहरूले **मिति २०८३/०४/११ गते अपराह्न ३:०० बजेसम्म** कलेज **प्रशासन शाखामा** स्वयं उपस्थित भई आवेदन पेश गर्न सक्नुहुनेछ।

सिफारिस सम्बन्धी अन्य विषयमा **सिफारिस समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।**

**आज्ञाले,**

**प्रशासन प्रमुख**
**मिति : २०८३/०४/०८**